# बागमती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**औषधी तथा औषधीजन्य सामाग्री र सेनेटरी प्याड खरिद सम्वन्धी सिलवन्दी दरभाउपत्र अव्हान गरिएको सुचना**

प्रथम पटक प्रकाशित मिति : २०८२।०८।०६

यस नगर कार्यपालिकाको कार्यालयको लागि आ.व. ०८२।०८३ मा आवश्यक पर्ने स्वीकृत स्पेशिफिकेशन अनुसारको गुणस्तरको औषधी तथा औषधीजन्य र सेनेटरी प्याड शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने निर्णय भएकोले इच्छुक संघ/संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर प्रमाणपत्र, मु. अ. कर दर्ता (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रु १०००।(एक हजार मात्र) फिर्ता नहुने गरी) राजश्व बुझाई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरभाउ फारम लिई १६ (सोह्रौ) औं दिन दिनको १२:०० बजेभित्र पेश गर्नुहुन र सोहिदिन दिनको २:०० बजे दरभाउ खोलिने यसै सूचना द्वारा जानकारी गराइन्छ। दरभाउ खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन हुनेछ ।

१, दरभाउपत्र फारम रु १०००।(फिर्ता नहुने गरी ) तिरी १५ औं दिनको कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिने छ।

२, यो सूचना प्रथम पटक प्रकाशित गरेको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

३, दरभाउदाताले दरभाउ पेश गर्दा दरभाउ जमानत वापत वोल कवोल गरेको अंकको २.५% ले हुने रकम यस कार्यालयको नाममा रहेको यस कार्यालयको एन. आइ. सि. एसिया बैंक, कर्मैया शाखामा रहेको धरौटी खाता नं. ग-३-० ४५CA०५२६३९५५२४०४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउ दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बैंक द्वारा यस कार्यालयको नाममा जारी भएको सोही रकम बरावरको बैंक ग्यारेन्टी (Bid bund) पेश गर्नुपर्नेछ।

४, दरभाउपत्र फारमसाथ सम्वन्धीत दरभाउदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझीएको र यस सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व घोषणापत्रमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहीछाप लगाएको हुनुपर्नेछ ।

५, दर्ता हुन आएका दरभाउपत्रहर सूचना प्रकाशित भएको १६ औं दनि दनिको २ बजे बागमती नगरपालिकाको कार्यालयमा दरभाउदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। निजहरु उपस्थित नभए पनि खोल्न बाधा पर्नेछैन ।

६, औषधी सामाग्रीको हकमा DDA/WHO GMP Certified कम्पनी बाट उत्पादित औषधीहरु उपलव्ध गराउनु पर्नेहुन्छ।

७, सेनेटरी प्याड र औषधी सामाग्रीको हकमा यस कार्यालयमा प्राप्त मिति देखि कम्पतिमा पनी १८ महिना म्याद भएको सामाग्री हुनुपर्नेछ ।

८, स्यानेटरी प्याड र औषधीको हकमा नेपाल सरकारबाट निशुल्क वितरण गरीएको भन्ने छाप हुनुपर्नेछ।

९, दरभाउ खरिद र दाखिला गर्ने दिन विदा परेमा सो पछि क्रमश कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१०, Bill of Quantity मा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कवोल रकम उल्लेख गरी सो को जोड जम्मा रकममा मूल्य अभिबृद्धि कर (VAT) समेत जोडि कूल जम्मा अंक र अक्षरमा स्पष्ट उलेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

११, रित नपुगेको र म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक/अक्षर नबुझिने बोलपत्रदाताको हस्ताक्षर नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२, दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ ।

१३, दरभाउ फारम खरिद कार्य यस कार्यालयकोबाट हुनेछ । दरभाउ दाखिला सम्वन्धी कार्य यस कार्यालयमा मात्र हुनेछ ।

१४, दरभाउ फारम साथ मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, व्यवसाय दर्ता र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१५, स्यानेटरी प्याडको हकमा सेनेटरी प्याड खरिदमा संलग्नहुने बोलपत्रदाताहरुले अनिवार्य रुपमा (सेनेटरी प्याड वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनूसूची-१ (दफा ३ को उपदफा(४)सँग सम्वन्धित) बमोजिमको गुणस्तर भएको प्रमाण खुल्ने ल्याब रिपोर्ट तथा Authorization letter अनिवार्य रुपमा स्पेशिफिकेसन अनुसारको स्याम्पल सिलवन्दी साथ पेश गर्नुपर्नेछ। यसरी ल्याब रिपोर्ट तथा Authorization letter पेश नभएको बोलपत्र मान्य हुने छैन र कम दररेट भएतापनि प्रतिस्पर्धामा सहभागी गराईने छैन।

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

CamScanner

१६, यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र बागमती नगरपालिकाको खरिद नियमावली २०७४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१७, कार्यालयले तयार गरेको स्पेसिफिकेशन बमोजिमको गुणस्तरको सामानहरु सप्लाई गर्नु पर्नेछ ।

| सि.नं | ठे.नं | विवरण | दभराउपत्र दस्तुर | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| १ | BM/SQ/Med/०८२/०८३-०१ | औषधी तथा औषधीजन्य सामाग्री (स्पेशिफिकेशन बमोजिमको) | १०००। | ७६,३७५। | |
| २ | BM/SQ/Sani/०८२/०८३-०१ | सेनेटरी प्याड (स्पेशिफिकेशन बमोजिमको) | १०००। | ४०,९००। | |

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

CamScanner